**प्र.मं.प.बै.सं. ५/२०७६**

**२०७६ साल जेष्ठ २० गते सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** सार्वजनिक लिखत प्रमाणीकरण नियमावली, २०७६ स्वीकृत गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** माननीय मुख्यमन्त्री श्री शंकर पोखरेलबाट २०१९ जुलाई १ देखि १० सम्म हुने मित्र राष्ट्र चीनको भ्रमण कार्यक्रम स्वीकृत गर्ने, माननीय मुख्यमन्त्रीलाई कूटनीतिक राहदानी उपलब्ध गराउन नेपाल सरकारमा अनुरोध गर्ने, चीनको सिचुवान र गुइजाउ लगायतका प्रान्तहरुसँग समझदारी पत्र(एम्.ओ.यू.) गर्न स्वीकृती प्रदान गर्ने।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** ऐरावती गाउँपालिका, प्यूठानको केन्द्र परिवर्तन सम्बन्धमा सम्बन्धित गाउँपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृती प्रदान गर्ने।

४. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** माण्डवी गाउँपालिका, प्यूठानको केन्द्र परिवर्तन सम्बन्धमा सम्बन्धित गाउँपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृती प्रदान गर्ने।

५. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** शिवराज नगरपालिका, कपिलवस्तुको वडा सीमाना परिवर्तन सम्बन्धमा सम्बन्धित गाउँपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृती प्रदान गर्ने।

६. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः-** मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी पुन: पेश भएको प्रदेश नं. ५, विभूषण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृती प्रदान गर्ने।

७. **आर्थिक मामिला तथा योजना मन्त्रालयः-** सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मीतव्ययितासम्वन्धी निर्देशिका, २०७५ संशोधन गर्ने।

८. **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः-** प्राइभेट फर्म दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने।

९. **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः-** साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने।

१०. **सामाजिक विकास मन्त्रालयः-** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७६ स्वीकृत गर्ने।